**Tribhuvan Journal** Vol. 2 No. 1: 125-134, December 2023; Research Management Cell, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal
DOI:https://doi.org/10.3126/tribj.v2i1.60273

# *जरत्कारु* उपन्यासमा नारीवाद

***डा. शंकरप्रसाद गैरे***
*gaireshankar2012@gmail.com*
*उपप्राध्यापक*
*त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा*

***Article History:*** *Received 22 May 2023; Reviewed 21 August 2023; Revised 10 October 2023; Accepted 27 November 2023*

**लेखसार**

*प्रस्तुत अनुसन्धानमूलक समालोचनात्मक लेख जरत्कारु उपन्यासको विश्लेषणमा केन्द्रित रहेको छ । जरत्कारु पौराणिक विषयमा आधारित औपन्यासिक कृति हो । प्रस्तुत कृतिले अगस्त्य ऋषिका सन्तानमध्ये कद्रुकी पुत्री जरत्कारुलाई केन्द्रीय पात्रका रूपमा चयन गरी उक्त पात्रका माध्यमबाट युगौंदेखि समाजमा विद्यमान लैङ्गिक विभेदलाई प्रस्तुत गरेको पाइन्छ । मूलतः कन्या पूजाको सन्दर्भलाई लिएर रचना गरिएको प्रस्तुत उपन्यासले पौराणिक विषयको कथ्यका माध्यमबाट त्यस्ता थुप्रै महत्त्वपूर्ण विषयवस्तुहरूलाई उठाएको देखिन्छ जो वर्तमान समाजलाई समेत प्रतिबिम्बित गर्दछन् । समाज व्यवस्था, वर्ग विभाजन, ऋषिहरूका वैज्ञानिक चिन्तन, सामाजिक द्वन्द्वजस्ता विविध विषयमा आवाज उठाएको प्रस्तुत उपन्यासले समाजमा विद्यमान लैङ्गिक विभेदलाई महत्त्वपूर्ण विषयका रूपमा उठाएको देखिन्छ । प्रस्तुत उपन्यासले एकातिर नारीहरू युगौंदेखि पुरुषबाट शासित थिए, उनीहरू पुराणकालमा पनि विभिन्न बहानामा पुरुषबाट शासित र प्रताडित थिए भन्ने कुराका साथै पुरुषले नारीलाई भोग्याको रूपमा, उपयोगी वस्तुको रूपमा प्रयोग गर्ने गरेको सन्दर्भलाई उठाइएको पाइन्छ । प्रस्तुत उपन्यासले पौराणिक कथ्यका माध्यमबाट वर्तमान समाजले नारीलाई गर्दै आएको उपेक्षालाई समेत प्रतिबिम्बित गर्दछ । प्रस्तुत उपन्यास नारी शोषण तथा नारी अधिकारका विषयमा आवाज उठाउने कृति हो भन्ने कुराको सङ्केत प्राप्त भए पनि यस दृष्टिकोणबाट प्रस्तुत उपन्यासको विहङ्गम अध्ययन विश्लेषण नभएकोले नारीवादका सापेक्षमा जरत्कारु उपन्यास केकस्तो रहेको छ ? भन्ने प्राज्ञिक समस्यामूलक प्रश्नमा केन्द्रित रहेर प्रस्तुत उपन्यासलाई नारीवादी सिद्धान्तका सापेक्षमा विश्लेषण गर्ने लक्ष्य राखी अध्ययनलाई अगाडि बढाइएको छ । विश्लेषणात्मक विधिको प्रयोग गरी प्रस्तुत उपन्यास नारीवादको सैद्धान्तिक दृष्टिकोणले महत्त्वपूर्ण र प्रभावकारी रहेको निष्कर्ष निरूपण गरिएको छ ।*

***शब्दकुञ्जी :*** *पितृसत्ता, दमन, बहुविवाह, लैङ्गिक विभेद, नारी अस्तित्व ।*

## विषयपरिचय

किरण आचार्यद्वारा लिखित *जरत्कारु* (२०७९) उनको पहिलो उपन्यास हो । नेपालगञ्जमा बस्दै आइरहेकी आचार्यले लामो समय शिक्षक पेसामा संलग्न हुँदै कुशल शैक्षिक प्रशासकको रूपमा समेत महत्त्वपूर्ण परिचय बनाएको देखिन्छ । साहित्यका कविता र कथा विधामा विशेष परिचय बनाएकी आचार्यको संस्कृत वाङ्मयको अध्ययनमा विशेष रुचि देखिन्छ । संस्कृत वाङ्मयकै अध्ययनका क्रममा हिन्दू समाजमा हुने कुमारी पूजाको विषयमा केन्द्रित रहेर गरिएको अध्ययनमा आधारित रहेर ऋषि अगस्त्य कुलकी कद्रुकी पुत्री जरत्कारु नै कुमारीका रूपमा पुजिने गरेको सन्दर्भ उपन्यासको कथ्य विषयका रूपमा प्रस्तुत भएको पाइन्छ ।

जरत्कारुलाई केन्द्रीय पात्रका रूपमा प्रस्तुत गरिएको प्रस्तुत उपन्यासले जरत्कारुको जीवनका सङ्घर्षपूर्ण भोगाइ र लोककल्याणकारी कार्यबाट कुमारीका रूपमा पुजिन थालेको सन्दर्भ उपन्यासमा उठाइएको छ । उपन्यासमा जरत्कारुको जीवनसङ्घर्षका साथै पृथ्वीलोकमा ब्रह्माद्वारा मानवजातिको स्थापनादेखि सत्ता र शक्तिका लागि हुने गरेका सङ्घर्ष; शक्तिमा रहेकाले निमुखा वर्गप्रति गर्ने अन्याय अत्याचार, मान्छेका देव, दानव, राक्षस, नाग आदि वंश एउटै परिवार र समुदायका बीचमा राज्यका माथिल्ला तहदेखि सर्वसाधारण परिवारमा समेत हुनेगरेको विभेदपूर्ण व्यवहार लगायतका विषयलाई उपन्यासले उठाएको पाइन्छ । परोपकार नै मान्छेको मुख्य कर्तव्य रहेको भाव अभिव्यक्त गर्ने प्रस्तुत उपन्यासले समाजमा विद्यमान लैङ्गिक विभेदलाई समेत ज्यादै महत्त्वपूर्ण रूपमा प्रस्तुत गरेको पाइन्छ । समाजमा विद्यमान लैङ्गिक विभेदले सदैव नारीजातिलाई दमन गर्ने गरेको; अन्याय, अत्याचार दमन शोषण गर्ने गरेको र त्यस्ता विषयमा कसैले पनि आवाज नउठाउने गरेको सन्दर्भ उपन्यासमा प्रस्तुत भएको छ । समाज युगौँदेखि पितृसत्तात्मक व्यवस्थाबाट परिचालित रहेको विषयलाई प्रस्तुत गर्दै नारीहरूले भोग्नुपरेका पीडा र यातनाको विषयलाई उठाएको प्रस्तुत उपन्यास नारीवादी सिद्धान्तका दृष्टिकोणले ज्यादै महत्त्वपूर्ण देखिन्छ । परन्तु यस कोणबाट उपन्यासको आद्योपान्त गहन अनुसन्धानमूलक अध्ययन नभएकाले नारीवादी सिद्धान्तका सापेक्षमा जरत्कारु उपन्यास केकस्तो रहेको छ ? भन्ने प्राज्ञिक समस्यामूलक प्रश्नमा केन्द्रित रही उपरोक्त प्रश्नको प्राज्ञिक समाधान गर्दै प्रस्तुत उपन्यासलाई नारीवादका सैद्धान्तिक आधारमा विश्लेषण गर्ने उद्देश्य राखिएको छ । प्रस्तुत जरत्कारु उपन्यास नारीवादी सिद्धान्तका सापेक्षमा महत्त्वपूर्ण र प्रभावकारी रहेको निष्कर्ष निरूपण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत समालोचनात्मक लेख किरण आचार्यको जरत्कारु उपन्यासको विश्लेषणमा केन्द्रित रहेको छ । प्रस्तुत उपन्यासलाई नारीवादको सिद्धान्तका सापेक्षमा अध्ययन गरिएको छ । प्रस्तुत अनुसन्धानात्मक लेखलाई सम्पन्न गर्न दुई चरणमा अध्ययनलाई विभाजन गरिएको छ । पहिलो चरणमा पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । अनुसन्धानको मुख्य स्रोत सामग्रीका रूपमा जरत्कारु उपन्यासलाई चयन गरिएको छ भने नारीवादको सैद्धान्तिक पर्याधारका सापेक्षमा विश्लेषणात्मक विधिको प्रयोग गरी अध्ययनलाई सम्पन्न गरिएको छ । अतः द्वितीय स्रोत सामग्री र सैद्धान्तिक विश्लेषण विधि नै प्रस्तुत अध्ययनका मुख्य विधि रहेका छन् ।

## नारीवादको सैद्धान्तिक पर्याधार

नारीवाद अंग्रेजी शब्द फेमिनिज्मको नेपाली रूपान्तरण हो । यसका ठाउँमा स्त्रीवाद शब्दको पनि प्रयोग पाइन्छ तर नारीवाद नै अधिक प्रचलनमा रहेको पाइन्छ । मूलतः लैङ्गिक अधिकारसँग सम्बन्ध राख्ने नारीवाद राजनीतिसँग सम्बद्ध भएर विकसित भएको मानिन्छ । मानव सभ्यताको इतिहासमा लामो समयसम्म पुरुषको प्रधानता रहेको देखिन्छ । लैङ्गिक दृष्टिले समाज मूलतः नारी र पुरुषमा विभक्त छ तर हजारौँ वर्षदेखि पुरुषले घरमा, समाजमा, राज्यतहमा समेत शासन गरेको देखिन्छ । पश्चिमी मुलुकमा नारीहरूको मुक्तिका निम्ति कुनै

न कुनै रूपमा धेरै अघिदेखि प्रयत्न हुँदै आएको र आवाज उठ्दै आएको सङ्केत पाइन्छ तापनि सचेतताका साथ संघटित रूपमा यस अभियानको थालनी केही पछि आएर भएको देखिन्छ । नारीले हरेक तहमा पुरुषको भोग्या भएर रहनुपरेको र उसका आदेशको पालना गरेर दासीको रूपमा जीवन व्यतीत गर्नुपरेको अवस्थामा सन् १९६० तिरबाट पुरुषप्रधान समाज अर्थात् पितृसत्ताको विरुद्धमा नारीवादी आन्दोलनको आरम्भ भएको मानिन्छ ( बराल र एटम, २०५६, पृ. ११९) । पाश्चात्य दार्शनिक अरिस्टोटल र फ्रायडसमेतले नारीवर्गमा विभिन्न दोष देखाएकोमा समाजमा पुरुषको प्राधान्य भएकै कारण नारीलाई कमजोर तुल्याएको ठान्दै नारी प्राकृतिक रूपले पुरुष समान सबल रहेको परन्तु सामाजिक व्यवस्थाले हीन तुल्याएको ठान्दै नारीका पक्षमा उठेको आवाज नै नारीवादका रूपमा देखापर्दछ (शर्मा र लुइटेल, २०६१, पृ. ३७२) । अठारौँ शताब्दीको अन्त्यबाट थालिएको नारीमुक्ति आन्दोलन नै नारीवादको मुख्य आधारस्तम्भका रूपमा देखापर्दछ । सन् १९९२ मा मेरी उतस्टोनक्र्याफ्टलले नारी अधिकारको पक्षमा लेखेको पाइन्छ भने लुअर्ट मिल र मार्गरेट फुलरले यस विषयमा आवाज उठाएको देखिन्छ । नारीवादलाई विचारका माध्यमबाट र सिर्जनात्मक लेखनका माध्यमबाट ज्यादै प्रभावकारी रूपमा उठाउने व्यक्तिका रूपमा साइमन द बुभा देखापर्दछिन् । उनले साहित्य, राजनीति र दर्शनका माध्यमबाट त्यस विषयलाई ज्यादै महत्त्वका साथ उठाएको पाइन्छ । उनको सन् १९४९ मा प्रकाशित द सेकेन्ड सेक्सलाई युगान्तकारी कृति मानिएको पाइन्छ । यस कृतिलाई नारी स्वतन्त्रता आन्दोलनको बाइबल ( भट्टराई, २०६९, पृ. ९९) मानिनुले यसको महत्त्वको उजागर हुन्छ । स्त्रीवादी वा नारीवादी आन्दोलन आफैमा एक बौद्धिक आन्दोलनका रूपमा देखापर्दछ । यसले सामाजिक, सांस्कृतिक, साहित्यिक, राजनैतिक आदि विविध विषयक्षेत्रमा नारीजातिका पक्षमा आवाज उठाउँछ (गौतम, २०५०, पृ. ४०८) ।

नारीवादी चिन्तन आफैमा आधुनिक हो वा उत्तरआधुनिक चिन्तन हो भन्ने विषयमा समेत विचार विमर्शहरू; बहसहरू भएका देखिन्छन् (त्रिपाठी, २०६७, पृ. ४६०) । नारीअधिकारका पक्षमा केही अघिबाट आवाज उठ्ने गरेको पाइन्छ । पछिल्लो समयमा नारीवादका अध्येताहरूले फ्रान्सेली नारीवादी चिन्तक हेलेन सिक्स, बेल्जीयमकी लुसी आइटिग्यारी तथा बल्गेरियाकी जुलिमा क्रिस्तेभाका चिन्तन, मनन र प्रकाशनले नारीवादलाई उत्तरआधुनिक परिवेशसम्म जोडेर अघि बढाएको मानिन्छ (भट्टराई, २०६९, पृ. १०४) । नारीवादले पुरुष शासित समाजमा नारीले भोग्नुपरेका उत्पीडन, पुरुषको भोग्याका रूपमा भोग्नुपर्ने सास्ती, विवशता, आदि विषयमा आवाज उठाउने सिद्धान्तलाई नै नारीवाद भनिन्छ । यसअन्तर्गत नारीका समस्यामा केन्द्रित रहेर पुरुषले वा पितृसत्तात्मक समाज व्यवस्थाले नारीमाथि गरेका अन्याय अत्याचार, दमन शोषणको प्रस्तुति सिर्जनामा गरिन्छ भने नारीवादी समालोचनाले कृतिमा नारीले पितृसत्तात्मक समाजबाट भोगेका अत्याचारलाई कसरी प्रस्तुत गरेको छ भन्ने कुराको अध्ययन व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्दछ ।

## विमर्श र नतिजा

किरण आचार्यद्वारा लेखिएको *जरत्कारु* उपन्यास २०७९ सालमा प्रकाशित भएको हो । प्रस्तुत कृति आचार्यको पहिलो औपन्यासिक कृतिका रूपमा देखापरेको पाइन्छ । संस्कृत वाङ्मयको पौराणिक विषयलाई प्रस्तुत गरिएको यस उपन्यासले मिथकको पुनर्सिर्जनका रूपमा विषयको उठान गरेको देखिन्छ । मूलतः नेपाली हिन्दू समाजमा प्रचलनमा रहेको कुमारी पूजा गर्ने परम्पराको पौराणिक अभिलेखको उत्खनन गर्ने क्रममा आख्यानको सिर्जना गरिएको प्रस्तुत उपन्यासको एउटा महत्त्वपूर्ण पक्ष लैङ्गिक विभेदको विषयलाई उठान गर्नु देखिन्छ । प्रस्तुत उपन्यासका माध्यमबाट लेखक आचार्यले नेपाली समाजमा विद्यमान लैङ्गिक विभेदले निम्त्याएको समस्या आजको मात्र नभई पौराणिक कालदेखि नै हाम्रो समाजमा लैङ्गिक विभेद गरिँदै आएको र त्यसबाट नारीहरू पीडित हुनुपरेको विषयलाई एउटा प्रमुख कथ्यका रूपमा प्रस्तुत गरेको पाइन्छ । नेपाली

समाजमा युगौँदेखि चल्दै आएको र आज पनि विद्यमान रहेको बहुविवाह, यौनशोषण, पुरुषले आफ्नो अभिमानका लागि नारीका इच्छा चाहनालाई सजिलै तिरस्कार गर्ने प्रचलन, विवाहका निम्ति छोरीको रुचि, चाहनाको ख्याल नगरी पुरुष तथा समाजले परिवारले र समाजले गर्ने गरेका वा गर्दै आएका उपेक्षायुक्त व्यवहारले नारीप्रति हुने गरेको अपमानलाई उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ । नारीले सदैव पुरुषबाट शासित हुनुपर्ने गरेका विषय पनि उपन्यासमा अभिव्यक्त भएको पाइन्छ । विवाह पूर्व पिताले पुत्रीका रूपमा आज्ञा र आदेश दिने; त्यही माध्यमबाट नारीजातिमाथि पुरुषले शासन गर्ने गरेको सन्दर्भका साथै वैवाहिक जीवनमा प्रवेश गरेपछि पतिद्वारा र वृद्धावस्थामा पुत्रद्वारा नारी शासित र शोषित हुने गरेका यथार्थतालाई प्रस्तुत उपन्यासमा देखाइएको पाइन्छ । नारीले शारीरिक वा मानसिक रूपमा हरेक समय पुरुषको डर, भय, सङ्कोच मानेर जीवन बाच्नुपर्ने नमिठो यथार्थलाई प्रस्तुत गर्दै त्यसप्रकारका विभेदको विरुद्धमा उपन्यासले आवाज उठाएको पाइन्छ । तसर्थ प्रस्तुत *जरत्कारु* उपन्यासलाई नारीवादी विचार र चिन्तनको केन्द्रीयतामा सिर्जना भएको औपन्यासिक कृतिका रूपमा लिन सकिन्छ । प्रस्तुत उपन्यासको मुख्य केन्द्रीय पात्र जरत्कारु, उनकी आमा तथा आमाका दिदीबहिनीले पिता, पति र पुत्रबाट भोग्नुपरेका अन्यायपूर्ण तथा विभेदपूर्ण व्यवहारलाई प्रस्तुत गरिएको यस उपन्यासमा लैङ्गिक रूपमा समाजमा हुने गरेका विभेदबाट माथि उठेर, त्यसबाट निरपेक्ष बनेर लोककल्याणमा लागेकी जरत्कारु नै वर्तमान नेपालमा कुमारीका रूपमा पुजिने गरेको तथ्यलाई उपन्यासले प्रस्तुत गरेको देखिन्छ । प्रस्तुत उपन्यासलाई नारीवादी चेतनाबाट सिर्जना गरिएको हो भन्ने कुरा लेखकले भूमिका 'शब्द सुमन' मा अभिव्यक्त गरेको पाइन्छ । वैवाहिक जीवनको आफ्नै अनुभवका विषयमा लेखकले भनेकी छन्- "आफ्नो घर गएपछि अनुभूत गर्दै गएँ, हामी स्त्री त पुरुषका अर्धाङ्गिनी पनि हौइनौँ, परिपूरक पनि होइनौँ बरु अवैतनिक सेविकाको हैसियतमा पो रहेछौँ । हामीलाई जे गरे पनि गराए पनि हुँदो रहेछ ।" वास्तवमा नेपाली समाजको व्यवस्थाले पत्नीलाई अर्धाङ्गिनीका रूपमा परिभाषित गरे पनि उनीहरूको वैयक्तिक जीवन, इच्छा चाहनाको दोहन गर्ने, शारीरिक मानसिक अवस्थाको ख्याल नगरी हरक्षण शासन गर्ने पितृसत्तात्मक व्यवस्थाप्रति लक्षित गरिएको उपर्युक्त भनाइले नारी अधिकारको सचेतनाका पक्षमा सङ्केत गर्दछ । नारीलाई लोकमा कुमारी वा देवी भनेर पूजा गर्ने तर घरमा दास जीवन बिताउन बाध्य तुल्याउने पितृसत्तात्मक व्यवस्थाप्रतिको असन्तुष्टिलाई लेखकले पौराणिक विषयका माध्यमबाट प्रस्तुत गरेको देखिन्छ । प्रस्तुत लेखमा *जरत्कारु* उपन्यासले प्रस्तुत गरेको लैङ्गिक विभेद र नारीहरूले आफ्नो हकहित र नारी अस्तित्वका पक्षमा उठाएका आवाजका विषयलाई नारीवादी समालोचनाका दृष्टिकोणबाट अध्ययन विश्लेषण गरिएको छ ।

## *जरत्कारु* उपन्यासमा अभिव्यक्त लैङ्गिक विभेद र स्वअस्तित्वको खोज

*जरत्कारु* उपन्यासकी प्रमुख पात्र जरत्कारु देखिन्छिन् । उपन्यासमा जरत्कारु नामका दुई पात्र देखापर्दछन् । एक युवती जरत्कारु जो उपन्यासकी मुख्य पात्र हुन् र उनकै माध्यमबाट उपन्यासकारले औपन्यासिक उद्देश्यको निरूपण गरेकी छन् भने अर्को पुरुष जरत्कारु पात्र छ जो युवती जरत्कारुको पति हो । उसमा पुरुष हुनुको अभिमान, अहङ्कार र शासकीय स्वभाव देखापर्दछ । उपन्यासकार आचार्यले प्रस्तुत उपन्यासका माध्यमबाट एकातिर नेपाली हिन्दू समाजमा कुमारीको पूजा हुने परम्परामा पुजिँदै आएकी पात्र पौराणिक जरत्कारु हुन् भन्ने कुराको उत्खनन गरेको पाइन्छ भने अर्कातर्फ उपन्यासका माध्यमबाट पौराणिक कालदेखि नै नारीहरू पुरुषका भोग्या र दासी हुनुपरेको सन्दर्भलाई प्रस्तुत गरेको पाइन्छ । यस कार्यमा देवगण र ऋषिगणसमेत संलग्न रहेको देखाउँदै हरेक युगमा र वर्गमा पुरुषहरू नारीप्रति मूलतः अनुदार रहने गरेको र नारीमाथि शासन गर्न, शोषण गर्न उद्यत रहेको विषयलाई उजागर गरेको पाइन्छ । पुरुषहरू पिताका रूपमा, पतिका रूपमा वा पुत्रका रूपमा जुनसुकै भूमिकामा हुँदा पनि नारीप्रति अनुदार रहन्छन् भन्ने कुरालाई उपन्यासले प्रस्तुत गरेको पाइन्छ ।

उपन्यासकी प्रमुख पात्र जरत्कारु ब्रह्माका सन्तानमध्ये दक्षप्रजापतिका चौसठ्ठी कन्यामध्येकी एक कद्रुकी पुत्री हुन् भन्ने कुरा उपन्यासमा उल्लेख गरिएको पाइन्छ । उपन्यासमा स्वयं दक्षप्रजापतिले आफ्ना छोरीहरूको इच्छा चाहनालाई बुझ्ने प्रयत्न नगरेर आफ्नो निर्णय उनीहरूप्रति लाद्ने गरेको देखाइएको छ । यसबाट पिताले समेत पुरुषत्व र पितृसत्ताको दम्भ प्रयोग गर्ने र नारी अर्थात् छोरीमाथि शासन गर्ने, शोषण गर्ने गरेको विषय उपन्यासमा अभिव्यक्त भएको पाइन्छ । एकातिर समाज व्यवस्थाको प्रभावका कारण पिताले दिएका आदेशलाई छोरीले कुनै प्रकारको प्रतिवाद नगरी मौन रूपमा स्वीकार गर्ने र गर्नुपर्ने बाध्यात्मक अवस्था देखिन्छ भने अर्कातर्फ साहस गरेर यदि छोरीहरूले तर्कसहित आवाज उठाउँछन् भने पनि पिताले त्यसलाई बुझ्ने, सम्झने र छोरीका इच्छाचाहनाको सम्मान गर्ने प्रयत्न गर्दैनन् । उनीहरू छोरीमाथि आफ्नै निर्णय लाद्न चाहन्छन् भन्ने कुरा उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ । प्रस्तुत उपन्यासमा आरम्भमै बहुपत्नीप्रथाले सिर्जना गर्ने समस्यालाई प्रस्तुत गरेको पाइन्छ । पुराणकालमा कुनै प्रतापी राजा वा व्यक्तिलाई एकसाथ बहुकन्या दिने प्रचलनप्रति उपन्यासले आलोचनात्मक दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ । ब्रह्माका सन्तान दक्षप्रजापतिले आफ्ना छोरीहरूमध्ये सत्ताइसवटी छोरीको विवाह चन्द्रदेवसँग गरिदिएको र अन्य केही छोरीहरूको समेत त्यसैगरी विवाह गरिदिएको विषय समस्याका रूपमा देखापरेको छ । मुख्य समस्या दक्षप्रजापतिले बाँकी रहेका चौधवटी छोरीमध्येकी सतीले विवाह गर्न नमानेपछि बचेका तेह्रवटी कन्यालाई एउटै युवक मरिचीपुत्र कश्यपलाई दिने निर्णय गरेपछि पिताका निर्णयबाट असन्तुष्ट छोरीहरूमध्ये दिति, दनू र क्रोधाले भिनाजु चन्द्रदेवले सत्ताइस पत्नीमध्ये रोहिणीलाई मात्र प्रेम गर्ने र अरुलाई वास्ता नगर्ने गरेको; त्यसबाट अन्य दिदीहरूमा उत्पन्न पीडाको विषयलाई प्रस्तुत गर्दै भन्छन्-

> उनीहरूको पीडाले हजुरहरू पनि कति दुःखी हुनुहुन्छ । एउटा पुरुषसित एकभन्दा धेरै स्त्रीको विवाह गर्नु न्यायसङ्गत हुँदो रहेनछ । ती स्त्रीहरू सहोदर दिदीबहिनी भए पनि आपसी सम्बन्ध चिरस्थायी हुन सक्दो रहेनछ । पिताजी, हजुरले चन्द्रदेवलाई सबै पत्नीलाई न्याय दिन अनुरोध गर्नुभयो । तैपनि परिणाम शून्य भयो । (आचार्य, २०७९, पृ. २०)

प्रजापतिले ज्वाइँ चन्द्रदेवलाई श्राप दिएर पनि समस्या समाधान नभएको सन्दर्भ प्रस्तुत गर्दै छोरीहरूले आफ्नो जीवन नर्क नबनाइदिन पिता दक्षप्रजापतिसँग अनुरोध गर्दछन् । परन्तु प्रतिउत्तरमा दक्षप्रजापति भन्छन्- “हाम्रो परम्परामा कन्याहरूलाई यो छुट दिइएको छैन । तिमीहरू मिलेर बस्नुपर्छ । पतिको सेवा गर्नु र पतिलाई प्रसन्न गरेर उनको प्रेम प्राप्त गर्नु नै स्त्रीधर्म हो” (आचार्य, २०७९, पृ. २०) । दक्षको यस अभिव्यक्तिमा पितृसत्ताको चरम सामन्तवादी चिन्तनको प्रभाव पाइन्छ । दक्षको भनाइअनुसार पतिलाई प्रसन्न पार्नु स्त्रीधर्म हो भने आफ्नी पत्नीलाई खुसी तुल्याउनु पतिको धर्म वा कर्तव्य होइन र ? भन्ने प्रश्न उठ्छ । चन्द्रदेवले सत्ताइसवटीको जिम्मेवारी लिएर पनि रोहिणीलाई मात्र प्रसन्न तुल्याउनु अन्य छब्बीसवटी पत्नीप्रति पतिउचित दायित्वबोध नगर्नु पनि अपराध हो भन्ने कुराप्रति ध्यान नजानु पितृसत्तात्मक चिन्तनको प्रभाव हो भन्ने देखाइएको छ । दक्षप्रजापतिको अभिव्यक्तिबाट कन्याहरूमाथि जुन निर्णय लादिएको छ त्यस विषयमा उपन्यासमा भनिएको छ “बिडम्बना ! स्त्रीको चाहनाले मर्यादा नै पाउन नसक्ने । राजकुमारीहरू स्वयंले खोजेर योग्य वर प्राप्त पनि गर्न नसक्ने । विकल्पहीन संसार” (आचार्य, २०७९, पृ. २१) ।

बहुकन्या विवाहले निम्त्याउने पहिलो सङ्घर्ष सुहागरातको नै देखिन्छ । यसलाई उपन्यासमा अत्यधिक महत्त्वका साथ प्रस्तुत गरिएको पाइन्छ । एक पुरुषले एकैरात सबै पत्नीसँग संभोग गर्न सम्भव नहुने हुँदा नवविवाहिता राजकन्याहरूका मनमा ऋषिले कसलाई रोज्लान् र आफ्नो पालो कहिले आउला भन्ने चिन्ता र चासो हुनु स्वाभाविक नै देखिन्छ । ऋषि विद्वान् भएकाले सबैप्रति न्याय गर्नेछन् भन्ने अपेक्षा पनि देखिन्छ ।

परन्तु ऋषि कश्यपले जेठी पत्नी अदितिलाई बाहेक कसैलाई वास्ता नगर्दा उमेर पुगेका विवाह गरेर पतिघरमा पुगेका नारीका मनमा उत्पन्न पीडा र ईर्ष्या स्वाभाविक देखिन्छ । अदितिकै समान विवाह गरेर भित्रिएका बाह्र बहिनीको कहिल्यै पालो नआउनु अर्थात् आफूहरूप्रति भएको अन्यायको बिरोध गर्दा समाजले व्यवस्था गरेको पतिव्रता धर्म नष्ट हुने लगायतका नैतिक बन्धनहरूले उनीहरूलाई बाँधेको देखिन्छ । पत्नीउचित अधिकारको खोजी गर्दा समाजले कामुक र व्यभिचारिणी भन्ने आरोप लगाउने भयका कारण उनीहरू आफ्ना अधिकारका लागि आवाज उठाउन नसक्ने कुरा उपन्यासमा प्रस्तुत गरिएको छ । ऋषि कश्यपले नियमित सम्भोगका निम्ति रोजेकी अदिति रजस्वला हुनासाथ विकल्पमा दितिलाई रोज्न पाउने; पुरुषले विकल्पका रूपमा बहुपत्नी राख्न पाउने परन्तु नारीले पतिकै घरमा यौनेच्छालाई दमन गरेर कुण्ठित भई बाँच्नुपर्ने जुन व्यवस्था पौराणिक कालदेखि चलेको देखिन्छ त्यसलाई नै कथ्य बनाएर उपन्यासले नारीका हकहित अधिकारको आवाज उठाएको देखिन्छ । उपन्यासमा विभेदले निम्त्याएको समस्यालाई मात्र प्रस्तुत नगरी त्यसका विरुद्धमा आवाज समेत उठाइएको देखिन्छ । दनायुले ब्रह्मासँग गरेको प्रश्न :

> साँचो अर्थमा हामी स्त्री नै स्रष्टा हौँ । तर पृथ्वीमा त सम्पूर्ण अधिकार केवल पुरुषको । अनि हामी चाहिँ उनीहरूका दासी र भोग्या । ... हामीले नै जन्माएको जायाले एकाधिकार प्राप्त गर्ने ? त्यतिमात्र होइन परिपक्व भएपछि हाम्रै शोषण गर्ने ? हामी राजकुमारीको त यो लाचार अवस्था छ भने जनसाधारण स्त्रीहरूको के हाल होला ? (आचार्य, २०७९, पृ. ३०)

तिनै अन्यायमा परेका बाह्र बहिनीमध्येकी कद्रूको पालो आएपछि उनी गर्भवती हुन्छिन् र उनका थुप्रै सन्तानमध्ये जरत्कारु कान्छी छोरी बनेर जन्मिन्छिन् । ऋषि कश्यपले पत्नीहरूमाथि मात्र नभै उनका सन्तानहरूमाथि समेत विभेद गरेको देखिन्छ । फलस्वरूप कद्रूका सन्तान पिताको मायाबाट वञ्चित गराइनु जस्ता विषय उपन्यासमा उठेका छन् । उपन्यासमा कश्यप र कद्रूकी पुत्रीका रूपमा जरत्कारुको जन्म भएपछि विषय जरत्कारुमा केन्द्रित भएको देखिन्छ । उनी विद्वान्, वीराङ्गना भएर पनि नारी भएका कारण उनीमाथि भएको विभेदले उपन्यासमा लैङ्गिक विभेदको क्रूर पक्षलाई प्रस्तुत गरेको पाइन्छ । उमेर पुगेकी जरत्कारुको विवाहका विषयमा चिन्ता गर्ने माता कद्रू र दाजु वासुकीको चिन्तनमा भनिएको छ- "उनको विद्वता र सामर्थ्यका आधारमा उनमा स्वयम् सम्राट् बन्नुपर्ने योग्यता थियो । तर उनी थिइन् स्त्री । तसर्थ राजसत्ताका लागि उनी सर्वथा अयोग्य थिइन्" (आचार्य, २०७९, पृ. ४४) । नारी हुनु नै आफैमा योग्यता नहुनु हो वा क्षमताले सम्राट बन्ने योग्यता भए पनि नारी भएकैले अयोग्य हुनुपर्ने चिन्तन नै आफैमा लैङ्गिक विभेद र पितृसत्तात्मक सोँच र चिन्तनको उपज हो भन्ने सन्दर्भ उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ । उमेर पुगेकी छोरी र बहिनीका विवाहका विषयमा कद्रू र वासुकीको चिन्तालाई लक्षित गर्दै सक्षम, योग्य र शिक्षित जरत्कारुले आफ्ना विषयमा चिन्ता नलिन आग्रह गर्छिन् । आफ्नी माताहरूले आफूभन्दा ठूला र सक्षम मानिएका पुरुषसँग विवाह गरेकैले सधैभरि अन्याय र पीडा सहनुपरेको कुरालाई देखेको, अनुभव गरेकाले आफूले त्यसको पुनरावृत्ति भोग्न नचाहेको कुरा निश्चिन्तताका साथ अभिव्यक्त गरेको पाइन्छ । नारी पछि पर्नु र अन्यायमा पर्नुको मूल कारण आफूभन्दा ठूला भनाउँदाको चयन हो भन्ने ठानेकी जरत्कारुले त्यसप्रकारको दुर्घटनाबाट बच्दै समतामूलक जीवनयापनको चाहना गरेकी छन् र त्यसको उपायमा भनेकी छन्-

> मैले सबै आमाहरूको पीडा अनुभूत गरेकी छु । म आफ्नो जीवनमा ती पीडाको पुनरावृत्ति गराउन चाहन्न । तसर्थ ... मेरो विवाह राजा र सम्राटसित कदापि नहोस् । यदि सम्भव छ भने मेरो समकक्षी विद्वान् होस् । म र मेरा सन्तानलाई प्रेम गर्ने, अभिभावकत्व दिने, हाम्रो पीडामा आहत हुने, हाम्रो खुसीमा रमाउने ...।" (आचार्य, २०७९, पृ. ४५)

जरत्कारुको उपर्युक्त अभिव्यक्तिमा पिताका क्षुद्र व्यवहारको प्रत्यक्ष प्रभाव देखिन्छ । अर्कोतर्फ नारीका लागि आफूभन्दा सक्षम लोग्नेको चयनले पनि पुरुषको दासता स्वीकार्नुपर्ने अवस्था सिर्जना भएको हो भन्नेतर्फको सङ्केत पाइन्छ । परन्तु जरत्कारुकै चयनमा परेका समकक्षी पुरुष लोग्नेबाट उनले पुनः तिरस्कारको व्यवहार सहनु, भोग्नु परेपछि पुरुष श्रेष्ठ भएकैले नारीले दासता सहनुपरेको हो भन्ने बुझाइ गलत सिद्ध भएको देखिन्छ ।

जरत्कारुको विचार सुनेर उनको हात माग्न आएका राजा र महाराजाहरूलाई वासुकीले फर्काइदिन्छन् । जरत्कारुले यायावरवंशको ऋषि परिवारमा जन्मिएर योग्य ऋषिका रूपमा परिचय बनाएका युवक जरत्कारुलाई नै पतिका रूपमा वरण गर्ने निर्णय गर्छिन् । पुत्रीको निर्णय सुनेर रिसाएकी माता कद्रूका अभिव्यक्ति (आचार्य, २०७९, पृ. ५२) ले पितृसत्तात्मक चिन्तन पुरुषमा मात्र नभै नारीमा पनि हुन्छ । ऊ सधैं आफ्ना लागि वा सन्तानका लागि श्रेष्ठ लोग्नेको खोजी गर्छे र यो नै पुरुषप्रधान चिन्तन हो भन्ने देखिन्छ । परन्तु मातालाई जरत्कारुले सम्झाएपछि यथार्थ बोध गर्दै त्यसलाई स्वीकार गर्छिन् । यस विषयमा कद्रूलाई लक्षित गरी प्रयोग गरिएको अभिव्यक्ति “आफ्ना पिताका स्त्रीहरू बारेका विभेदपूर्ण सोँचबारे कहिल्यै ठम्याउन सकेकी थिइनन्” ( आचार्य, २०७९, पृ. ५२) ले पुरुषप्रधान समाजले नारीका पुरुषप्रतिका कर्तव्य, दायित्वका विषयमा बनाएका नैतिक बन्धनका कारण उनीहरू पुरुषले आफूमाथि गरेका अन्याय अत्याचारलाई बुझ्न सक्दैनन् र त्यसलाई आफ्नो कर्तव्य र दायित्व सम्झन्छन् । यो नै पितृसत्ताको धूर्त्याइँ र नारीका कमजोरी हुन् भन्ने यथार्थ प्रस्तुत उपन्यासले देखाएको पाइन्छ ।

पुरुष नारीका तुलनामा श्रेष्ठ भएकैले मात्र नारीमाथि अधिकार लाद्ने नभएर सामन्ती चिन्तनकै प्रभावबाट ग्रसित रहेकाले नै आफूलाई नारीका तुलनामा श्रेष्ठ ठान्ने हुनाले ऊ आफूलाई नारीभन्दा माथि वा श्रेष्ठ तुल्याउन चाहन्छ भन्ने कुरालाई समेत उपन्यासमा दर्शाइएको पाइन्छ । कद्रूपुत्री युवती जरत्कारुले यायावर ऋषिपुत्र जरत्कारुलाई पतिका रूपमा आफूभन्दा श्रेष्ठ र योग्य देखेर रोजेको होइन भन्ने कुरा उपन्यासका विविध घटना प्रसङ्गले पुष्टि गर्दछन् । यदि जरत्कारुले श्रेष्ठ व्यक्तिलाई पतिका रूपमा रोज्नु थियो भने राजामहाराजाहरू नै उनलाई माग्न आएका हुन्छन् तर ती सबैलाई उनले आफूभन्दा श्रेष्ठ भएकैले तिरस्कार गर्छिन् । अर्कोतर्फ जरत्कारुले जरत्कारुलाई आफ्नो रोजाइमा पार्दा माता कद्रूले चिन्तापूर्वक क्रोध व्यक्त गर्नु पनि सामान्य व्यक्तिलाई रोज्नुकै कारण हो भन्ने देखिन्छ परन्तु त्यही समकक्षी पुरुषले विवाहका निम्ति राखेका सर्तहरू “मैले आफ्नी पत्नीको भरणपोषण गर्नेछैन । न त आफ्ना सन्तानको भरणपोषण नै गर्ने छु” (आचार्य, २०७९, पृ. ५३) ले पुरुष सामान्य नै भए पनि शासकीय स्वभाव र श्रेष्ठत्व सिद्ध गर्ने प्रयत्न गर्छ भन्ने देखाइएको छ । एकातिर पत्नीको मात्र नभएर सन्तानको समेत जिम्मेवारी बोध नगर्ने सर्त राख्ने ऋषि जरत्कारुलाई पितृकुलको मोक्षका निम्ति पुत्र चाहिन्छ र त्यो सन्तानलाई पत्नीले जिम्मेवारी लिइदिनुपर्ने मान्यता राख्छन् । विवाहपश्चात् एकदिन दासीहरूसँग जरत्कारु भन्छन्- “मैले त केवल सन्तान प्राप्तिका लागि विवाह गरेको हुँ । ... मलाई स्त्रीसित कुनै लगाव छैन” (आचार्य, २०७९, पृ. ६१) विवाह गरेर एक युवतीलाई पत्नीका रूपमा स्वीकार गर्नुका पछाडिको पुरुषको यसप्रकारको चरम स्वार्थले उसको सामन्ती सोँचलाई पुष्टि गर्दछ । यस प्रकारको वैयक्तिक स्वार्थप्रेरित व्यक्तिका रूपमा ऋषि जरत्कारु मात्र देखिँदैनन् अन्य ऋषिहरूमा समेत यसप्रकारको स्वभाव र चिन्तन देखिन्छ । सीमन्तोन्नयनमा आउने ऋषिले “तपाईको चाहना र दायित्व त पूर्ण भइसक्यो हैन र ?” (आचार्य, २०७९, पृ. ६७) भन्नुबाट गर्भाधानमा सहभागी भएपछि पुरुषको जिम्मेवारी पूर्ण हुन्छ । अरु सबै नारीका दायित्व हुन् । सन्तान जन्माउनु, हुर्काउनु र त्यही पुरषको पितृकुलको मोक्षका निम्ति उसलाई तयार पार्नुपर्ने मान्यता पुरुष वा पितृसत्ताको सामन्तवादी एकाधिकारवादी सोँच वा चिन्तन हो भन्ने देखिन्छ । जरत्कारुले क्रमशः पत्नी जरत्कारूलाई मात्र नभई सम्पूर्ण नारीलाई अपमान गर्दै नर्कको द्वार भन्दै

अपमान गरेपछि नारीका अस्तित्व र स्वाभिमानका निम्ति सङ्घर्ष गर्दै आएकी जरत्कारुलाई असह्य पीडा हुन्छ र उनी लोग्नेका अभिव्यक्तिको प्रतिकार गर्छिन् । उनी भन्छिन् "सबै स्त्री नर्कका द्वार भए तपाईंकी माता के त ?" (आचार्य, २०७९, पृ. ७५) पटकपटक नारीजातिमाथि तिरस्कारपूर्ण ढङ्गले अभिव्यक्ति दिँदै आक्रमण गरेपछि पत्नी जरत्कारुले पति जरत्कारुलाई तिरस्कार गर्छिन् । उनी भन्छिन्- "अतः हे विद्वान् यायावर जरत्कारु । म कश्यप वंशीय नागकन्या जरत्कारु स्वयम् तपाईंलाई नै परित्याग गर्छु" (आचार्य, २०७९, पृ. ७९) । जरत्कारुको प्रस्तुत अभिव्यक्ति अभिमानले वसीभूत पितृसत्तात्मक समाजका विरुद्धमा विद्रोह बनेर देखापरेको छ । पितृसत्तात्मक समाजको व्यवस्थाले पुरुष वीज भएकैले वंशमा पुरुषको परिचय र अधिकार रहने कुराको परम्परागत चिन्तनका विरोधमा र मातृवंशको अस्तित्वका विषयमा समेत उपन्यासले आवाज उठाएको पाइन्छ । दाजुले भान्जालाई यायावरवंशीय ऋषि जरत्कारुपुत्र भन्दा त्यसको प्रतिवाद गर्दै बहिनी जरत्कारुले भनेकी छन्-

> यो मेरो पुत्र यायावर वंशीय ऋषि जरत्कारुको लाखौं, करोडौं बीजमध्येको एउटा मात्र बीज हो भने बाँकीका सम्पूर्ण कोष म कश्यप-कद्रू पुत्री, नागवंशीय राजकुमारी जरत्कारुका हुन् । पुरुषका जति बीज हुन्, त्यसको कुनै महत्त्व हुँदैन, जबसम्म एउटी स्त्रीले आफ्नो गर्भमा धारण गर्दिनन् । तर जब एउटी स्त्रीले आफ्नो गर्भमा धारण गर्छिन् अनि सृष्टिको सुरुवात हुन्छ र त्यो बीजको महत्त्व बढ्छ । तसर्थ हामी स्त्रीहरू नै स्रष्टा हौं । जुन कार्य परब्रह्मले स्वयम् प्रकट भएर गर्न सक्नुहुन्न, त्यो कार्य हामी स्त्रीले गर्छौं । पुरुषले धोका दिन सक्छ, बलात्कार गर्न सक्छ । तर हामीले त्यस अवस्थामा पनि सृष्टिको धर्म त्याग गर्दैनौं । त्यस्तो आपराधिक कार्यमा पनि सृष्टि गर्छौं । तसर्थ यो बालक मेरो हो । (आचार्य, २०७९, पृ. ८५)

नामकरण संस्कारका निम्ति पिताको खोजी हुँदासमेत जरत्कारुले त्यसको तीव्र प्रतिवाद गर्छिन् । उनी विदुषी भएकाले प्रतिवादमा प्रकट हुने उनका अभिव्यक्तिहरू पूर्णतः तर्कसङ्गत हुने गरेको पाइन्छ । उनका तर्कपूर्ण अभिव्यक्तिलाई समर्थन गर्दै ब्रह्माले समेत "सृष्टिका सबै माता सबै संस्कारका अधिकारिणी छन्" ( आचार्य, २०७९, पृ. ८९) भन्छन् ।

पति जरत्कारुले बेवास्ता गरे पनि जरत्कारुले बालक आस्तिकलाई जन्म दिन्छिन् । उपयुक्त स्याहार सुसार र पालनपोषण गरेर हुर्काउँछिन् । उचित संस्कार दिएर हुर्काउँछिन् । उपयुक्त समय आएपछि पुत्रको उचित शिक्षाका लागि उनलाई च्यवन ऋषिकहाँ पठाउँछिन् । जब क्रमशः परिपक्व हुँदै गएका युवक आस्तिकले माताप्रति वास्ता नगरेको देखापर्छ उनमा चिन्ता बढ्दै गएको देखिन्छ । उपन्यासमा सङ्घर्षपूर्वक हुर्क्याउने माताप्रति प्रायः पुत्रले गर्ने व्यवहारका विषयमा भनिएको छ "विवाहपश्चात् जब पूर्ण पुरुषत्व प्राप्त गर्ने छ अनि तिनै माता सबैभन्दा बढी बोझ बन्नेछन्" (आचार्य, २०७९, पृ. ९८) ।

प्रस्तुत उपन्यासले मूलतः पौराणिक समयको कथालाई अभिव्यक्त गरेको देखिन्छ र पुराणकाल पनि लैङ्गिक विभेदग्रस्त थियो, नारीहरू पुरुषबाट विभेदमा परेका थिए भन्ने देखाएको पाइन्छ । उपन्यासले वर्तमान (कलियुग) का विषयमा पनि जिज्ञासा उठाएको देखिन्छ । ब्रह्मासँगको संवादमा जरत्कारुले जिज्ञासा राखेकी छन्- "सृष्टिको प्रारम्भिक अवस्थामा त म जस्ती राजकन्यालाई समेत यसरी छल र शोषण हुन्छ भने कलियुगमा स्त्रीहरूको अवस्था कस्तो होला ?" (आचार्य, २०७९, पृ. १०५) जरत्कारुको यही जिज्ञासासँग मिल्दो घटनालाई उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ । उपन्यासमा जरत्कारुले यात्राकै क्रममा देखेसुनेको घटनाका रूपमा प्रस्तुत गरिएको भए पनि उक्त घटना नेपाली ग्रामीण जीवनमा देखेसुनेको घटनामा आधारित देखिन्छ । एउटा घरमा सुत्केरीलाई काम गराएकोमा जरत्कारुले आश्चर्य मान्दै प्रश्न गर्दा प्रतिउत्तरमा पति तथा सुत्केरी पत्नी दुवै हास्नुले लोग्नेमा मात्र नभई आफ्नो विषयमा नारीलाई समेत चेतना छैन भन्ने देखिन्छ । आवश्यक पोषणयुक्त खानासमेत नपाएकी

सुत्केरीको विषयमा चिन्ता प्रकट गर्दै जिज्ञासा राख्दा लोग्नेले दिएको अभिव्यक्तिमा लैङ्गिक विभेद र नारी शोषण दमन, अन्याय र अत्याचारको चरम अवस्था भेटिन्छ । पतिले पत्नीकै अगाडि भनेको अभिव्यक्ति र त्यसको टिप्पणीस्वरूप उपन्यासमा प्रयुक्त विचार-

> यो मरे त अर्की ल्याउँछु । बाच्छाबाच्छी मरे कहाँ पाउनु... कस्तो निर्मम सोँच पुरुषको । पतिको दृष्टिकोणमा पत्नीका लागि कुनै दया, माया र सहानुभूति थिएन । केवल एउटी भोग्या । अपारितोषिक दासी । सन्तान जन्माउने साधन । पत्नीभन्दा महत्त्वपूर्ण गाईबाच्छा छन् । (आचार्य, २०७९, पृ. ११७)

उपर्युक्त भनाइले पत्नी वा नारीका तुलनामा पशुको अधिक महत्त्व रहेको देखिन्छ । स्वयं उपन्यासकारले समेत भूमिकामा भनेको "हामी स्त्री त पुरुषका अर्धाङ्गिनी पनि होइनौँ, परिपूरक पनि होइनौँ बरु अवैतनिक सेविकाको हैसियतमा पो रहेछौँ । हामीलाई जे गरे पनि गराए पनि हुँदो रहेछ" (आचार्य, २०७९, पृ. १३६) भन्ने अभिव्यक्तिसँग निकट देखिन्छ । जरत्कारुले यात्राकै क्रममा हिमालयपर्वतका निकट नदी किनारमा देखेको एउटा दृश्यले समाजमा नारीको महत्त्व कति रहेछ भन्ने कुरालाई देखाउँछ भने यस घटनासन्दर्भले मानवीय मनलाई विदीर्ण तुल्याउँछ । सुत्केरी व्यथाले दुईदिनसम्म थलिएकी र सुत्केरी हुन नसकेकी नारीलाई उपचार गराउने प्रबन्ध मिलाउनुको साटो ऊ मर्छे भन्ने अठोट गरेर सायंकालमा नदीकिनारमा छोडेर हिँडेको घटना र जरत्कारुले उपचारले निको हुने बताउँदा आश्चर्य प्रकट गर्नुले समाजको चेतनास्तर तथा नारीको महत्त्वहीनतालाई बोध गराउँछ । यसप्रकार प्रस्तुत उपन्यासमा उपन्यासकार किरण आचार्यले पौराणिक कथाका माध्यमबाट समाजमा विद्यमान लैङ्गिक विभेदको विषयलाई उठाउँदै पितृसत्तात्मक समाजमा नारीहरूले दासको जीवन बाँच्नुपर्ने बाध्यतालाई प्रस्तुत गरेको पाइन्छ । यस प्रकारको दासता पुत्रीका रूपमा पिताबाट, पत्नीका रूपमा पतिबाट र माताका रूपमा पुत्रबाट गरिने व्यवहारमा दरबारदेखि ग्रामीण समाजमा यत्रतत्र नारीले दासीको जीवन भोग्न विवश भएको विषयलाई उठाउँदै त्यसका बिरुद्धमा उपन्यासमा लैङ्गिक समानताका पक्षमा जरत्कारुका माध्यमबाट आवाज उठाएको पाइन्छ ।

## निष्कर्ष

किरण आचार्यद्वारा लिखित *जरत्कारु* उपन्यास पौराणिक विषयलाई कथ्यका रूपमा प्रस्तुत गरिएको उपन्यास हो । उपन्यासमा जरत्कारुलाई मुख्य पात्र बनाइएको छ । नेपाली हिन्दू समाजमा कुमारीका रूपमा पुजिँदै आएकी जरत्कारुको परिचय र त्यसका माध्यमबाट समाजमा विद्यमान लैङ्गिक विभेदलाई उपन्यासमा उठाइएको छ । ब्रह्माका सन्तानमध्ये दक्षप्रजापतिका चौँसठ्ठी छोरीहरू तीमध्येकी कद्रु र कश्यपकी पुत्री जरत्कारुलाई मुख्य पात्र बनाइएको प्रस्तुत उपन्यासमा मुख्य रूपमा समाजमा विद्यमान पितृसत्तात्मक व्यवस्थाले नारीहरूमाथि गर्दै आएको अत्याचार र दमनशोषणलाई प्रस्तुत गरेको छ । प्रस्तुत उपन्यासमा नारीहरूले पुरुष र पितृसत्तात्मक व्यवस्थाका कारण सहनुपरेको विभेदकारी व्यवहार र अन्याय/अत्याचार वर्तमान समयमा मात्र नभई पौराणिक कालदेखि नै विभेदकारी व्यवस्था कायम रहेको सन्दर्भलाई उठाइएको छ । उपन्यासले ग्रामीण अविकसित, अल्पविकसित समुदायदेखि दरबारका पूर्ण शिक्षित समुदायमा समेत नारीमाथि पुरुषद्वारा गरिने व्यवहार विभेदकारी रहेको विषयलाई प्रस्तुत गरेको छ । विभेदका अनेक घटनाहरूलाई प्रस्तुत गरिएको यस उपन्यासमा यथार्थमा समाजमा विद्यमान लैङ्गिक विभेदग्रस्त यो व्यवस्था न्यायसम्मत छैन, यसले नारी वर्गप्रति अन्याय भएको छ भन्ने कुरा पाठकलाई बोध गराउन उपन्यास सक्षम देखिन्छ । उपन्यासले लैङ्गिक विभेदका अनेक घटना विषयलाई प्रस्तुत गर्नुका साथै सचेत नारी जरत्कारुजस्ता पात्रका माध्यमबाट त्यसप्रकारको पुरुषप्रधान व्यवस्थाको विरोध गर्दै लैङ्गिक रूपले समतामूलक व्यवस्थाका निम्ति आवाज उठाएको छ । समानताका पक्षमा आवाज उठाउने र त्यसका लागि विद्रोह गर्ने शक्तिशाली पात्रका रूपमा उपन्यासले जरत्कारुलाई प्रस्तुत गरेको छ ।

उपन्यासमा लैङ्गिक विभेद र पुरुषलाई महत्त्व दिने घटनाहरूमा वैवाहिक घटना मुख्य बनेर देखापरेको छ । दक्षप्रजापतिले आफ्नी सत्ताइसवटी छोरीहरूको विवाह एउटै युवक चन्द्रदेवसँग गरिदिनु महत्त्वपूर्ण घटना हो । चन्द्रदेवले सत्ताइसवटी युवतीलाई पत्नी तुल्याए पनि रोहिणीलाई मात्र प्रेम गर्नु र अन्य पत्नीहरूलाई बेवास्ता गर्नुले उनीहरूमाथि पत्न्योचित व्यवहारका दृष्टिले अन्याय भएको छ । पिता दक्षप्रजापतिले शेष तेह्र छोरीहरूको विवाह कश्यपसँग गरिदिन खोज्दा दिदीहरूको दृष्टान्त दिएर असहमति जनाउँदा पनि पिता दक्षले छोरीहरूको कुरा नसुन्नु र विवाह गरिदिनु; तेह्र कन्यासँग विवाह गरेका कश्यपले जेठी अदितिलाई प्रेम र पत्न्योचित व्यवहार गर्नु; अन्यलाई भेदभाव गर्नुजस्ता घटना उपन्यासमा लैङ्गिक विभेदका महत्त्वपूर्ण घटना बनेर देखिएका छन् । आफ्नी माताहरूले श्रेष्ठ पुरुषसँग विवाह गरेका कारण नै लैङ्गिक विभेदमा परेकाले समान योग्यता भएका युवकलाई पतिका रूपमा रोज्ने निर्णय गरेकी जरत्कारुले रोजेको यायावरवंशीय युवक जरत्कारुले देखाएको स्वार्थपूर्ण व्यवहारले उपन्यासमा लोग्ने श्रेष्ठ भएर मात्र नभई पुरुष हुनुको अहंकारले ग्रसित हुन गई नारीमाथि विभेद गर्दछ भन्ने कुरा प्रस्तुत उपन्यासले देखाएको छ । जरत्कारुले गर्भवती तुल्याएर छोडेपछि राजकुमारी जरत्कारुले एक्लै छोरा आस्तिकलाई जन्माउछिन् र हुर्काउँछिन् तर युवक भएपछि उसले माताका त्याग र योगदानलाई बिर्सिदिन्छ । यसबाट पिताका रूपमा दक्षप्रजापतिले, पतिका रूपमा चन्द्रदेव, कश्यप र यायावर जरत्कारुले तथा पुत्रका रूपमा आस्तिकले गरेको व्यवहारले पुरुष जुनसुकै भूमिकामा रहेर पनि नारीमाथि शासन गर्न खोज्दछ र गर्छ भन्ने कुरा यस उपन्यासमा प्रस्तुत गरिएको छ । समाज पुरुषप्रधान चिन्तनबाट ग्रसित छ, जसले गर्दा पुरुषलाई महत्त्व दिन्छ तर नारीलाई पशुभन्दा पनि महत्त्वहीन ठान्दछ भन्ने कुरा जरत्कारुले यात्राका क्रममा एउटा गाउँमा देखेको घटनाका माध्यमबाट प्रस्तुत गरिएको छ ।

उपन्यासमा लैङ्गिक विभेदलाई प्रस्तुत गर्दै नारीवर्गमाथि गरिएका अनेक विभेद; अन्याय, अत्याचारका घटनाहरूलाई प्रस्तुत गरिएको छ । यतिमा मात्र सीमित नभएर लैङ्गिक समानता र नारी अधिकारका पक्षमा उपन्यासमा विभिन्न घटनासन्दर्भका माध्यमबाट सशक्त रूपमा आवाजहरू उठाइएका छन् । लैङ्गिक दृष्टिले जरत्कारुकी आमाहरू पनि सचेत देखिन्छन् परन्तु उनीहरूमा त्यसका विरुद्धमा विद्रोह गर्ने क्षमता देखिँदैन । जरत्कारु उपन्यासमा लैङ्गिक विभेदका विरोधमा आवाज उठाउने शक्तिशाली पात्रका रूपमा उपस्थित छन् । उनले आफूभन्दा श्रेष्ठ पुरुषलाई जीवनसाथी बनाउँदा दमित हुनुपर्छ भनेर पतिका रूपमा समान योग्यता भएका पात्रको चयन गर्नु, त्यही पात्र यायावर जरत्कारुले दमन गर्न खोज्दा बहिष्कार गर्नु र सन्तान जन्मेपछि उसको नामकरण आदि संस्कारका क्रममा दायित्वबोध नगर्ने पिताभन्दा माता नै श्रेष्ठ हो भनी आफ्ना नामबाट संस्कार सम्पन्न गर्ने अठोट गर्नु विद्रोह र नारी अधिकारका पक्षमा उठेका महत्त्वपूर्ण निर्णय हुन् । यसका साथै ब्रह्मासँग बहस गरेर नारीको श्रेष्ठत्व कायम गर्नु तथा नारी जागरणको अभियानमा लाग्नुजस्ता जरत्कारुका महत्त्वपूर्ण कदमहरू उपन्यासमा नारी अधिकारका पक्षमा उठाइएका आवाजहरू हुन् । यसरी प्रस्तुत जरत्कारु उपन्यास नारीवादी विचारमा आधारित रहेर लेखिएको समाजमा नारीले भोग्नुपरेका अन्याय अत्याचार, पितृसत्ताले नारीमाथि गरेका विभेद र नारी अधिकारका विषयमा आवाज उठाउने महत्त्वपूर्ण र शक्तिशाली औपन्यासिक कृति हो ।

## सन्दर्भसूची

आचार्य, किरण (२०७९). *जरत्कारु.* शिखा बुक ।

गौतम, कृष्ण (२०५०). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* साझा प्रकाशन ।

त्रिपाठी, सुधा (२०६७). 'उत्तरआधुनिकतावाद र नारीवाद' *भृकुटी* (पूर्णाङ्क १०, माघ, फागुन, चैत). पृ. ४५८-४६४ ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६९). *समयबोध र उत्तरआधुनिकता.* ओरिएन्टल पब्लिकेसन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* विद्यार्थी पुस्तक भण्डार ।